# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com

❐ वर्ष : २५ ❐ अंक : ३३१ ❐ सोमवार, २९ भदौ, २०८३ ❐ Monday, 14 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०







# भेरी करिडोरमा ३२ करोडका पाँच पुल ६ वर्षमा पनि बनेनन्

*२०७७ सालमा करिब ३१ करोड ९७ लाख रुपैयाँमा ठेक्का सम्झौता भएका पुलमा निर्माण व्यवसायीले ४ करोड ५९ लाख रुपैयाँभन्दा बढी भुक्तानी लिइसके पनि तीन पुलको प्रगति ६ प्रतिशत र दुई पुलको १२ प्रतिशत मात्रै छ । कतिपय पुलमा काम नै सुरु भएको छैन भने कतै पिलरको आधा संरचना मात्र बनेको छ । निर्धारित समयभित्र काम सम्पन्न नभएपछि दुवै ठेक्काको म्याद २०८३ पुस ३० गतेसम्म थपिएको छ ।*

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २८ भदौ

भेरी करिडोरअन्तर्गत जाजरकोटको नलगाड खण्डमा निर्माणाधीन पाँच वटा मोटरेबल पुल ठेक्का सम्झौता भएको करिब ६ वर्ष पुग्न लाग्दा पनि कुनै एउटा पुलसमेत पूरा हुन सकेको छैन । तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएका पुलहरूमा कतै काम नै सुरु भएको छैन भने कतै पिलरको जग र आधा संरचना बनाएर निर्माण रोकिएको छ ।

जाजरकोटलाई डोल्पासँग जोड्ने भेरी करिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे धो सडक योजना) अन्तर्गत सडक निर्माण तथा स्तरोन्नतिको काम भइरहेको छ । करिडोरमार्फत जाजरकोट हुँदै डोल्पासम्म यातायात पहुँच विस्तार हुँदै गए पनि सडकलाई सहज र सुरक्षित बनाउने महत्वपूर्ण संरचना मानिएका पुलहरू भने वर्षौंदेखि अलपत्र अवस्थामा छन् ।

नलगाड खण्डमा निर्माणाधीन पाँच पुलमध्ये मैदेखोला, तात्रखोला र ताक्सुगाड पुल निर्माणको जिम्मा रायामाझी क्याराभान जेभी, काठमाडौंले पाएको थियो । कम्पनीसँग २०७७ माघ १ गते १३ करोड ५४ लाख ३८ हजार ९ सय रुपैयाँमा ठेक्का सम्झौता भएको थियो ।



सम्झौताअनुसार निर्धारित अवधिमा निर्माण सम्पन्न हुनुपर्ने भए पनि झन्डै ६ वर्ष बितिसक्दा यी तीन पुलको भौतिक प्रगति जम्मा ६ प्रतिशतमा सीमित छ । निर्माण व्यवसायीले पेश्की तथा रनिङ बिलमार्फत हालसम्म १ करोड ८३ लाख ९३ हजार रुपैयाँ भुक्तानी लिइसकेको छ ।

तर ताक्सुगाड खोलामा अहिलेसम्म पुल निर्माणको काम नै सुरु भएको छैन । मैदेखोलामा एउटा पिलरको जग खनिएको छ भने तात्रखोलामा एउटा पिलरको आधा भाग मात्र निर्माण भएको छ । पुल निर्माणको जिम्मेवारी पाएको कम्पनीले करोडौं रुपैयाँको ठेक्का सम्झौता गरे पनि अपेक्षित गतिमा काम अघि बढाउन नसकेको देखिन्छ ।

यस्तै झुप्रेखोला र नलगाड खोलामा निर्माण हुने पुलको अवस्था पनि उस्तै छ । यी दुई पुल निर्माणका लागि क्याराभान हिराचन जेभी, काठमाडौंसँग २०७७ माघ २ गते १८ करोड ४३ लाख ४ हजार ३ सय रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो । यी दुई पुलको पनि निर्माण कार्य अत्यन्त सुस्त छ । हालसम्म भौतिक प्रगति १२ प्रतिशत मात्रै पुगेको छ । निर्माण व्यवसायीले पेश्की तथा रनिङ बिलमार्फत २ करोड ७५ लाख १० हजार रुपैयाँ भुक्तानी लिइसकेको छ । तर झुप्रेखोलामा अहिलेसम्म निर्माणको काम सुरु हुन सकेको छैन भने नलगाड खोलामा एउटा पिलरको आधा भाग मात्रै उठाइएको छ ।

यसरी हेर्दा पाँच वटा पुल निर्माणका लागि सम्झौता भएको कुल रकम ३१ करोड ९७ लाख ४३ हजार २ सय रुपैयाँ पुग्छ । त्यसमध्ये निर्माण व्यवसायीहरूले हालसम्म ४ करोड ५९ लाख ३ हजार रुपैयाँभन्दा बढी भुक्तानी लिइसकेका छन् । करोडौं रुपैयाँ भुक्तानी भइसके पनि पाँच वटै पुलको समग्र निर्माण प्रगति भने निकै न्यून छ । पुल बाँकी पृष्ठ ४

## म्याद थपिँदै, कामको गति बढेन

*निर्माण व्यवसायीले निर्धारित समयमा काम पूरा नगरेपछि दुवै ठेक्काको म्याद पुनः थप गरिएको छ । दुवै ठेक्काको पछिल्लो म्याद २०८३ पुस ३० गतेसम्म कायम गरिएको छ ।*

*तर विगतमा पटक-पटक समय बित्दा पनि निर्माणले गति लिन नसकेको अवस्थामा थपिएको म्यादभित्र काम सम्पन्न हुनेमा स्थानीयवासी विश्वस्त छैनन् ।*

*उनीहरूका लागि समस्या पुल कहिले बन्छ भन्ने मात्रै होइन, वर्षौंदेखि अलपत्र आयोजना कहिले सञ्चालनमा आउँछ र त्यसबाट वास्तविक लाभ कहिले लिन पाइन्छ भन्ने हो ।*

*निर्माण व्यवसायीलाई समयमै काम सम्पन्न गराउन प्रभावकारी अनुगमन तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाउनुपर्ने स्थानीयको माग छ । काम नगर्ने निर्माण व्यवसायीलाई कारबाही गर्नुको सट्टा पटक-पटक म्याद थप्ने प्रवृत्तिले नै यस्ता आयोजना वर्षौंसम्म अलपत्र पर्ने अवस्था आएको उनीहरूको गुनासो छ ।*

## आज हरितालिका तीज, नारीहरू महादेवको पूजाआजा गर्दै



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २८ भदौ

भदौ शुक्ल तृतीयाका दिनमा मनाइने हरितालिका तीज पर्व आज वैदिक सनातन हिन्दू धर्मावलम्बी नारीहरू देवादि देव महादेवको पूजा आराधना गरी मनाउँदैछन् ।

सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने बरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छा विपरीत विष्णुसँग विवाह गरिदिन खोजेपछि साथीलाई आफ्नो समस्या सुनाइन् । सखी पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरूले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरूले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई प्राप्त गरिन् । यसरी पार्वती साथीहरूद्वारा हरण भएको दिन भदौ शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका तीजको व्रत लिने प्रचलन सुरु भएको धर्मशास्त्रीय मत रहेको छ ।

संस्कृत भाषाका 'हरित' र 'आलिका' दुईवटा शब्द मिलेर हरितालिका शब्द बनेको छ । हरितालिका तीजका सन्दर्भमा 'हरित' शब्दको अर्थ हरण गरिएको र 'आलिका' शब्दको अर्थ साथी भन्ने हुन्छ । सत्ययुगमा आजैको दिन निराहार व्रत बसी पार्वतीले श्री महादेव स्वामी पाएकीले आजको दिनमा व्रत बस्दा मनोकामना पूरा हुने विश्वासमा नारीहरू व्रत बस्ने गरेका गर्दछन् ।

## विपद्को पीडामा खल्लो बन्दै तीज

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २८ भदौ

सामान्यतया भदौ लागेसँगै नेपाली समाजमा तीजको रौनक छाउँथ्यो । घर,आँगनदेखि बजारसम्म रातो साडी, चुरा, पोते र गरगहनामा सजिएका महिलाको चहलपहल देखिन्थ्यो । तीजका गीत घन्किन्थे, दिदीबहिनी भेला भएर दर खान्थे, नाचगान गर्थे । कार्यालय, संस्था र समुदायमा तीज विशेष कार्यक्रम आयोजना हुन्थे । तर यसपटकको तीजको माहोल फरक छ ।

रसुवाको भोटेकोशीमा यही भदौ १० गते गएको बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएपछि त्यसको त्रास र पीडाले मुलुकका धेरै परिवारलाई रुवाएको छ । विशेषगरी रसुवा, नुवाकोट, धादिङलगायतका बाढी प्रभावित क्षेत्रमा तीजको उल्लासभन्दा आफन्तको खोजी, विस्थापनको पीडा र भोलिको चिन्ताले ठाउँ लिएको छ । अन्य जिल्लाका नागरिक पनि बाढीमा परेकाले देशभर शोक छाएको छ । आइतवार तीज दर खाने दिन । विगतमा यही दिन दिदीबहिनीहरू एकै ठाउँमा जम्मा भएर दर खाने, सुखदुःख साट्ने र तीजको गीतमा रमाउने गर्थे । यसपटक भने कतिपय परिवारका लागि दर खाने दिन पनि हराएका आफन्तको सम्झनामा बितिरहेको छ । नुवाकोटकी सुकुमाया तामाङको आँखामा तीजको रौनक होइन, हराइरहेका आफन्त भेटिने आशा छ । "कि सास, कि लास भए पनि भेटियो", भन्ने आशामा दिन बिताइरहेका परिवारका लागि चाडपर्वको खुसी कसरी सम्भव होस् ?

यस्तै, पीडा नुवाकोट र धादिङका प्रभावित परिवारमा पनि छ । कतिपयका घर बगेका छन्, कतिपयका व्यवसाय र रोजगारीका आधार गुमेका छन् । कतिपय परिवारका सदस्य घाइते भएर अस्पतालमा उपचाररत छन् ज्यान जोगाएर बाँचेकाहरू पनि घटनाको त्रासबाट अझै मुक्त हुन सकेका छैनन् ।

बाढीका कारण विस्थापित भएका सयौं नागरिक अहिले अस्थायी सेल्टरमा बसिरहेका छन् । उनीहरूका लागि चाडपर्व मनाउनु प्राथमिकता होइन । बिहान बेलुका खानेकुरा, सुरक्षित बसोबास, स्वास्थ्योपचार र हराइरहेका आफन्तको खोजी नै अहिलेको मुख्य आवश्यकता बनेको छ ।

## गृहमन्त्री गुरुङद्वारा विपद् उद्धार सामग्रीको निरीक्षण



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २८ भदौ

गृहमन्त्री सुधन गुरुङले विपद् उद्धार सामग्रीको निरीक्षण गरेका छन् ।

उनले आइतबार सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोकमा विपद् व्यवस्थापन तथा उद्धारमा प्रयोग हुने सामग्री र उपकरणको निरीक्षण गरेका हुन् ।

निरीक्षणका क्रममा उनले विपद् व्यवस्थापनको तयारी, स्रोतसाधनको उपलब्धता, उद्धार क्षमता र प्रभावकारी परिचालनबारे जानकारी लिँदै आवश्यक निर्देशन दिएका छन् ।

## भोटेकोशी बाढी : हालसम्म १ हजार ३ सय ८६ जनाको शव फेला

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २८ भदौ

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण आइतबार दिउँसो २:०० बजे सम्म १ हजार ३ सय ८६ जनाको शव फेला परेको छ । जसमध्ये रसुवामा १ सय ८५ जना, नुवाकोटमा १ सय ९९ जना, धादिङमा ७१ जना, चितवनमा ३ सय ६४ जना, गोरखामा ७७ जना, तनहुँमा ३८ जना, नवलपरासी पूर्वमा २ सय ३० जना र नवलपरासी पशचिममा २ सय २२ जना गरी १ हजार ३ सय ८६ जनाको शव फेला परेको हो ।



फेला परेका शवहरूको पहिचानका लागि डिएनए नमुना सङ्कलन देखि आवश्यक प्रक्रिया पुरा गरी हाल सम्म १ हजार २ सय ३० वटा शव व्यवस्थापन (माटो मुनि सुरक्षित राखिएको) गरिएको छ ।

शव पहिचानका लागि मृतकका १ हजार २ सय ८६ र आफन्तका १ हजार ८ सय ४६ गरी कुल ३ हजार १ सय ३२ वटा डिएनए नमुना सङ्कलन गरिएको छ ।

साथै पहिचान नभएको १ हजार ३ सय ५४ वटा शवहरूको विवरण नेपाल प्रहरीको वेबसाइटमा समेत अपलोड बाँकी पृष्ठ ४

## सम्पादकीय

# राज्यकोषमाथि भार किन ?

कर्णाली प्रदेशका सांसदहरूले निरन्तर दबाब दिएपछि स्वकीय सचिवसम्बन्धी सुविधा पुनःबहाल गर्ने सरकारको निर्णयले सार्वजनिक खर्च र जनप्रतिनिधिको सुविधाबारे गम्भीर बहस निम्त्याएको छ । विधायिकी काममा सांसदलाई आवश्यक प्रशासनिक तथा विषयगत सहयोग चाहिन्छ भन्ने तर्क अस्वाभाविक होइन । तर त्यही सुविधाको औचित्य, उपयोगिता र पारदर्शिता पनि उत्तिकै महत्वपूर्ण प्रश्न हुन् । सांसदका स्वकीय सचिव, चालक र कार्यालय सहयोगीसहित ४८ जनाका लागि मासिक करिब १६ लाख रुपैयाँ र वार्षिक झन्डै १ करोड ९२ लाख रुपैयाँ राज्यकोषबाट खर्च हुने अवस्था छ । खर्च कटौतीलाई प्राथमिकता दिइरहेको प्रदेशमा यो रकम सानो होइन । यही रकमबाट कुनै दुर्गम स्वास्थ्य संस्थामा आवश्यक उपकरण, विद्यालयमा शैक्षिक सामग्री वा ग्रामीण क्षेत्रमा अत्यावश्यक पूर्वाधार थप्न सकिने सम्भावना पनि हुन्छ ।

अझ महत्वपूर्ण प्रश्न नियुक्तिको प्रक्रियासँग जोडिएको छ । स्वकीय सचिव वास्तवमै सांसदको विधायिकी काममा सहयोग गर्ने विज्ञ वा दक्ष जनशक्ति हुन् भने उनीहरूको स्पष्ट कार्यक्षेत्र, योग्यता र जिम्मेवारी निर्धारण हुनुपर्छ । तर आफन्त वा नातेदारलाई रोजगारी दिने माध्यमका रूपमा यस्तो सुविधा प्रयोग हुने हो भने त्यसले राज्यकोषको दुरुपयोग मात्र होइन, जनप्रतिनिधिप्रतिको जनविश्वासमै प्रश्न उठाउँछ । एकातिर सांसदहरूले 'हामीलाई विज्ञता चाहिँदैन र ?' भन्दै स्वकीय सचिवको आवश्यकता औँल्याइरहेका छन । अर्कोतिर कर्णालीका प्रदेश प्रमुखले आफ्नो सचिवालय घटाएर खर्च बचतको उदाहरण प्रस्तुत गरेका छन् । एउटै प्रदेशमा सार्वजनिक खर्चप्रतिको यस्तो फरक दृष्टिकोणले सरकारलाई थप जिम्मेवार बन्नुपर्ने सन्देश दिएको छ ।

सरकारले सुविधा पुनःबहाल गरेपछि अब त्यसको दुरुपयोग रोक्ने जिम्मेवारी पनि उसकै हो । स्वकीय सचिवको नियुक्ति पारदर्शी, योग्यता आधारित र कामसँग प्रत्यक्ष जोडिएको हुनुपर्छ । उनीहरूले के काम गरे, त्यसको प्रतिफल के आयो र राज्यले गरेको खर्चको औचित्य के हो भन्ने विवरण सार्वजनिक हुनुपर्छ । जनप्रतिनिधिलाई आवश्यक सुविधा दिनु गलत होइन । तर सुविधा अधिकारको नाममा खर्च बढाउने माध्यम होइन, जनताको काम प्रभावकारी बनाउने साधन बन्नुपर्छ । कर्णालीजस्तो सीमित स्रोतसाधन भएको प्रदेशमा प्रत्येक रुपैयाँ खर्च गर्दा जनताको आवश्यकता र प्राथमिकतालाई केन्द्रमा राखिनुपर्छ ।

# जिप दुर्घटनामा मृतकको पहिचान खुल्यो

❒ कान्क्रेविहार संवाददाता

रुकुमपश्चिम, २८ भदौ

रुकुम पश्चिमको सानीभेरी गाउँपालिका-६ कोटगाउँमा जिप दुर्घटना हुँदा मृत्यु हुने तथा घाइते सबैको पहिचान खुलेको छ ।

मृत्यु हुनेमा जिप चालक त्रिवेणी गाउँपालिका-१ रुघाका २८ वर्षीय सुन्दर खड्का मगर र सानीभेरी गाउँपालिका-६ की १६ वर्षीया प्रेमकला पुन रहेका जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी एवं प्रहरी निरीक्षक हेमन्त गिरीले जानकारी दिए । दुवै जनाको घटनास्थलमै मृत्यु भएको हो ।

घटनामा परेर १२ जना घाइते भएका छन् । गम्भीर घाइते सानीभेरी गाउँपालिका-६ का ३८ वर्षीय बलबहादुर पुन, सोही स्थानका १५ वर्षीय पूर्णबहादुर जैसी, ५० वर्षीया कौशिला पुन र १५



वर्षीया खिमला पुनलाई थप उपचारका लागि नेपाली सेनाको हेलिकप्टरमार्फत प्रादेशिक अस्पताल सुर्खेत लगिएको प्रहरी निरीक्षक गिरीले जानकारी दिए। अन्य घाइतेको चौरजहरी अस्पतालमा उपचार भइरहेको छ ।

आइतवार बिहान कोटगाउँबाट सिम्लीतर्फ आउँदै गरेको लु १ च ६०२ ९ नम्बरको जिप वडा कार्यालय नजिकै सिम्ली-दुली जोड्ने भित्री सडकखण्डबाट करिब १०० मिटर तल खसेको थियो ।

# 'बाबा ! यसपालिको तीज त आएन बरी लै...'




भदौ १० को भोटेकोशी बाढीले नेपाली समाजमा छाएको शोक र वियोगको आँसु सुकेको छैन। मानिसका मनहरू पीडाले धुजा-धुजा भएका छन् । कोही पनि खुलेर हाँस्न, नाच्न र बाँच्न सकिरहेका छैनन् । यही वियोगको सागरभित्र हिन्दू नारीले मनाउने सबभन्दा ठूलो पर्व तीज आयो। शोक र पीडाको भारीसँगै थोरै उल्लास बोकेर तीज आएको छ। तर, गाउँ-समाजलाई हेर्दा यस पटकको तीज केवल औपचारिकताका लागि मात्र आइरहेको छ।

थुप्रैका माइती वा अभिभावकलाई बाढीले बगाएको छ। थुप्रै छोरी-चेली त्यही बाढीभित्र, खोल्साखोल्सी र सुरुङभित्र च्यापिएका छन् । के बालबालिका, के वृद्धवृद्धा- बाढीको कहरमा कोही अछुतो छैनन् । थाहा छैन, कति मरे, कति बाँचे ? यसरी जीवन र मृत्युको हिसाब गर्दै समाज यो शोक सहन अभिशप्त छ।

वियोगसँगै आएको यो तीजमा बाबु गुमाएकी एउटी चेलीको एकालाप हो यो। उनी बाढीसँगै बेपत्ता बाबाको बाटो हेरिरहेकी छन् । उनी भन्दै छिन्- बाबा हो, बाबा- कता जानुभयो बाबा ? कुन डाँडा, कुन कन्दरा, कुन पानीको भुमरीमा हराउनुभयो ? भन्नुस् न एक पटक, कता लुक्नुभएको छ ? म त बाटैमा उभिएर बाटो हेर्दा हेर्दै आँखा नै सुकाइसकेँ बाबा !

तपाईं जानुहुँदा त हातमा हात दिएर भन्नुभएको थियो, 'छोरी, म चाँडै फर्किन्छु।' त्यो 'चाँडै' कति लामो हुँदो रहेछ बाबा, मलाई आजसम्म थाहा भएन। एक दिन गयो, दुई दिन गयो, हप्ता बित्यो, महिना दिन पुग्न लाग्यो- तर तपाईंको त्यो 'चाँडै' अझै आएन। म कति दिन गनूँ बाबा ? गन्दागन्दै औँला नै थाकिसके, तर, तपाईंको बाटो टुङ्गिएन।

हे भगवान, यो कस्तो पापको फल हो ?

रात पऱ्यो कि, म झ्यालबाट बाहिर हेर्छु। कालो अँध्यारो र त्यही अँध्यारोभित्रबाट तपाईं हिँड्दै आउनुहुन्छ जस्तो भ्रम हुन्छ। मन ढुकढुक गर्छ, ' आउनु भयो , बाबा आउनु भयो' भनेर म दौडेर ढोका खोल्छु । तर, त्यहाँ बाहिर त बस् रात्रि, हावा र मेरो आफ्नै सुस्केराबाहेक केही हुँदैन।

बाबा, तपाईं जहाँ हुनुहुन्छ, जुन नदीको किनारमा, जुन जंगलको बीचमा, जुन गाउँको कुनामा एक पटक सम्झनुस् न, यहाँ एउटी छोरी छे, जसले तपाईंको पाइलाको आवाज हरेक साँझ अझै कुरिरहेकी छे। जसको आँखाले हरेक अनुहारमा तपाईंलाई नै खोज्छ। जसको मुटुले हरेक ढोका ढक्ढकाहटमा तपाईंलाई नै सम्झन्छ।

बाबा, तपाईंलाई थाहा छ, म अहिलेसम्म तपाईंको लुगा च्यापिएको दराज खोलेकी छैन ? किनकि त्यहाँबाट तपाईंको वासना आउँछ भन्ने मलाई डर लाग्छ। त्यो वासना सुँघेपछि मेरो मुटु फेरि नयाँ गरी टुक्रिन्छ भनेर।

गाउँका बुढापाकाले भन्छन्, 'नियति अगाडि कसैको के लाग्छ र ?' तर बाबा, मलाई त यो नियति नै दोषी लाग्छ। किन यो नियतिले हामीजस्ता गरिब, सोझा मान्छेकै घरमा आगो सल्काउनुपर्थ्यो ? किन हाम्रै आँगनमा यो कालो बादल छाउनुपर्थ्यो ?

आमालाई हेर्दा मुटु चिरिन्छ बाबा। दिनभरि उहाँ चिया पसलनेर, गाग्रो बोकेर, गोरु चराउँदै मलाई र भाइलाई हर्काउने प्रयासमा हुनुहुन्छ। तर, राति सबै सुतिसकेपछि, कोठाको एउटा कुनाबाट उहाँको धिमो सुँक्क आवाज मैले प्रायः सुन्छु। म सुतेको बहाना गर्छु, किनकि उहाँले देख्नुभयो भने मलाई थप कष्ट हुन्छ भन्ने डर लाग्छ।

एक दिन आमाले तपाईंको फोटो हातमा लिएर छाती नै किटेर रुनुभयो- 'किन छोडेर जानुभयो ? हामी अनाथ भएर के गर्ने ?' भनेर। त्यो दृश्य मैले जिन्दगीभरि बिर्सन सक्दिनँ बाबा। म भित्रभित्रै कठोर हुन खोज्छु, तर आमाको त्यो चित्कार सम्झँदा मेरा हातखुट्टा नै थरथराउँछ।

छिमेकीहरू आउँछन्, सान्त्वना दिन्छन्, 'बाढीले धेरैलाई लग्यो, तिमीहरू मात्र होइनौ।' तर बाबा, यो कुराले मेरो दुःख कहाँ कम हुन्छ र ? अरूको बाबा हराए भन्दैमा के मेरो बाबाको पीडा घट्छ र ? यो दुःख त मेरो एक्लैको हो, मैले नै भोग्नुपर्ने हो।

'अमुक ठाउँमा शव भेटियो' भन्ने खबर सुन्दा हाम्रो सारा घरको सास एकै चोटि अडिन्छ बाबा। आमा दौडिनुहुन्छ, म पछि लाग्छु, मुटु मुखमा च्यापेर। 'उनी नै त होइनन् ?' भन्ने डर र 'उनी नभएको भए हुन्थ्यो' भन्ने पीडादायी आश। दुवै एकै चोटि छातीभित्र सल्किन्छन्। शव उहाँको होइन भन्ने थाहा हुँदा एकातिर हल्का भइन्छ, अर्कातिर फेरि त्यही असीम प्रतीक्षा सुरु हुन्छ।

प्रहरी काकाहरूले 'पहिचानका लागि चाहिन्छ' भनेर हाम्रो रगत लगे। मैले सुई घोच्दा दुखेको त पत्तै भएन, तर मनमा एउटा प्रश्नले घोच्यो- 'के मेरो बाबा अब यसरी, यस्तो हालतमा मात्र फर्कनुहुन्छ त ?' त्यो रात मैले तकिया भिजाएर रोएँ, कसैलाई थाहै नदिई।

स्कुल जाँदा साथीहरूले बुबाको हात समातेर आउँदा म टाढैबाट हेर्छु बाबा, र मनमनै सोच्छु 'काश, मेरो पनि बुवा हुनुहुन्थ्यो हात समात्न।' शिक्षकले प्रश्न सोध्दा दिमाग रित्तो हुन्छ, किताबका अक्षर पनि धमिलो देखिन्छन्। कसरी पढूँ बाबा, जब मनको कापीमा एउटै वाक्य बारम्बार लेखिँदै छ- 'बाबा कहाँ हुनुहुन्छ होला ?'

रात पऱ्यो कि, म झ्यालबाट बाहिर हेर्छु। कालो अँध्यारो र त्यही अँध्यारोभित्रबाट तपाईं हिँड्दै आउनुहुन्छ जस्तो भ्रम हुन्छ। मन ढुकढुक गर्छ, 'आउनु भयो , बाबा आउनु भयो' भनेर म दौडेर ढोका खोल्छु । तर, त्यहाँ बाहिर त बस् रात्रि, हावा र मेरो आफ्नै सुस्केराबाहेक केही हुँदैन।

राति सपनामा तपाईं आउनुहुन्छ, हाँस्दै, 'छोरी, तँलाई भन्दिनँ थिएँ, म फर्किन्छु भनेर।' म खुसीले उफ्रन्छु, तर ब्युँझँदा हातमा बस् सिरक मात्र हुन्छ। त्यो सपनाको खुसी र ब्युँझेपछिको खालीपन । यी दुईको बीचमा म हरेक रात मर्छु बाबा, र बिहान फेरि जिउने प्रयास गर्छु।

बाबा, तीज आयो। गाउँभरिका दिदीबहिनी राता साडीमा सजिएर माइत आउँदा, बाबाको काखमा टाउको राखेर लाड गर्दा, म कुन मुखले नाच्नु बाबा ? कुन मुटुले गाउनु ? त्यसैले बाबा, यसपालिको तीज त आएन बरी लै...।

अरू छोरीका बाबाले नयाँ लुगा ल्याइदिनुहुन्छ, टीका लगाइदिनुहुन्छ, 'छोरी, दर खानु है' भन्दै अँगालोमा च्यापुनुहुन्छ। मेरो त्यो भाग्य कहाँ छ बाबा ? म पनि रातो सारी लगाएकी छु, तर यो सारीभित्रको मुटु त कालो भएर बसेको छ। हातमा मेहेन्दी लगाएकी छु, तर यी हातले तपाईंलाई छुन पाएकी छैन।

दर खाने रात, सबै दिदीबहिनी हाँस्दै, गफ गर्दै, बाबाका किस्सा सुनाउँदै खान्छन्। म एक छेउमा बसेर थाल हेर्छु। घाँटीबाट खाना ओर्लँदैन बाबा। कसरी ओर्लोस् ? जुन बाबाको हातले खुवाउनुपर्थ्यो, त्यो हात नै हराएको छ। व्रत बस्दा त म हरेक वर्ष तपाईंकै दीर्घायुका लागि शिव-पार्वतीसँग बिन्ती चढाउँथें। यसपालि म कसका लागि व्रत बसूँ बाबा ? तपाईं फर्कनुभएकोमा कि तपाईं जीवितै रहनुभएकोमा ? मेरो बिन्ती अब कुन शब्दले सुरु गरूँ, थाहै भएन।

गाउँका दिदीबहिनी सिँगारपटार गर्दा, म ऐना अगाडि उभिएर आफैँलाई सोध्छु, 'यो तीजमा बाबा भेट्दिनँ त ?' मेहेन्दीका रङ्गले हात रातो देखिन्छ, तर मन त्यही रातो रङ्गमा पनि कालो नै देखिन्छ बाबा।

बाबा, तीजको यो चाडमा एक पटक मात्र आउनु न । ल्याउनु नपर्ला नयाँ लुगा, दिनु नपर्ला टीका म त्यो सबै बिर्सन्छु। तपाईं आएर एक पटक मात्र मेरो टाउकामा हात राखिदिनुभयो भने पुग्छ। एक पटक मात्र 'मेरी छोरी' भनेर बोलाइदिनुभयो भने पुग्छ। त्यो भन्दा ठूलो दर, त्यो भन्दा ठूलो चाड मलाई केही चाहिँदैन बाबा।

तीज त हरेक वर्ष आउँछ, बाबा। तर तपाईं नआएको यो तिज, मैले कसरी मनाउने ? आउनु न बाबा, यो चाडको बेला मात्र भए पनि आउनु न।

तर बाबा, आश मर्दैन

गाउँका बुढापाकाले 'अब आश छोड्नू' भन्छन्। तर बाबा, म कसरी छोडूँ ? तपाईंकै काखमा हुर्किएकी छोरी हुँ म, तपाईंकै औँला समातेर हिँड्न सिकेकी छु। तपाईंलाई बिर्सनु भनेको त आफैँलाई नै बिर्सनुजस्तै हो।

थुप्रैका माइती वा अभिभावकलाई बाढीले बगाएको छ। थुप्रै छोरी-चेली त्यही बाढीभित्र, खोल्साखोल्सी र सुरुङभित्र च्यापिएका छन् । के बालबालिका, के वृद्धवृद्धा- बाढीको कहरमा कोही अछुतो छैनन् । थाहा छैन, कति मरे, कति बाँचे ? यसरी जीवन र मृत्युको हिसाब गर्दै समाज यो शोक सहन अभिशप्त छ।

म अझै विश्वास गर्छु बाबा, कतै कुनै डाँडाको काखमा, कुनै टाढाको शिविरमा, कुनै अस्पतालको ओछ्यानमा, तपाईं जीवितै हुनुहुन्छ। शायद तपाईंलाई पनि थाहा छैन होला, तपाईं कता हुनुहुन्छ भनेर। तर एक दिन, म पत्याउँछु, तपाईं ती फोहर, च्यातिएका लुगामा नै भए पनि, लाठी टेक्दै भए पनि, हाम्रै आँगनमा आइपुग्नुहुन्छ।

बाबा, फर्किनुस् है ।

बाबा, तपाईं जहाँ हुनुहुन्छ, जुन नदीको किनारमा, जुन जंगलको बीचमा, जुन गाउँको कुनामा एक पटक सम्झनुस् न, यहाँ एउटी छोरी छे, जसले तपाईंको पाइलाको आवाज हरेक साँझ अझै कुरिरहेकी छे। जसको आँखाले हरेक अनुहारमा तपाईंलाई नै खोज्छ। जसको मुटुले हरेक ढोका ढक्ढकाहटमा तपाईंलाई नै सम्झन्छ।

जीवितै फर्कनुस् बाबा। यदि नियतिले साथ दिएन भने पनि, एक पटक मात्र कतैबाट संकेत गरिदिनुस्, ताकि यो अनन्त पर्खाइ कुनै किनारमा त पुगोस्, ताकि आमाको आँसु र मेरो यो छटपटी कुनै न कुनै टुङ्गोमा पुगोस्।

जहाँ भए पनि, जसरी भए पनि, कस्तो हालतमा भए पनि फर्किनुस् है बाबा। तपाईंको यो अभागी छोरी र यो सुनसान भएको आँगन, दुवैले अझै तपाईंकै बाटो हेरिरहेको छ।

बाबा, आउनु न छिटो...!

*(लेखक नेपाल प्रेस युनियनका निवर्तमान अध्यक्ष हुन् ।)*

# रसुवा बाढीको तीन चरणमा वैज्ञानिक अध्ययन गर्दै सरकार, अन्तर्राष्ट्रिय विज्ञ ल्याइने



❑ कांक्रेविहार संवाददाता

काठमाडौं, २८ भदौ

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीको वैज्ञानिक आधार र प्रमाण खोज्न अध्ययनको प्रक्रिया अगाडि बढाएको छ।

विनाशकारी बाढीको उत्पत्ति तथा त्यससँग जोडिएका हिमाली भू-जोखिमको वास्तविक कारण, घटनाक्रम र जलवायु परिवर्तनको सम्भावित भूमिकाबारे वैज्ञानिक अध्ययन गरिने ऊर्जा मन्त्रालयले जनाएको छ।

वैज्ञानिक अध्ययनका लागि मन्त्रालयले सोमबार विज्ञहरुसहितको समिति गठन गर्ने प्रवक्ता मोहनकुमार शाक्यले बताए। रसुवा विनाशकारी बाढीलाई उच्च हिमाली क्षेत्रमा उत्पन्न भएका विभिन्न भौगोलिक, हिमनदीय, जलविज्ञानसम्बन्धी तथा 'श्रृ‌ङ्खला आबद्ध विपद्' का रूपमा अध्ययन गर्नुपर्ने जल तथा ऊर्जा आयोगको सचिवालयको प्रस्तावअनुसार मन्त्रालयले वैज्ञानिक अध्ययन गर्ने निर्णय गरेको उनको भनाइ छ।

जल तथा ऊर्जा आयोगको सचिवालयको प्रारम्भिक अध्ययनमा हालसम्म रसुवा घटनाको उत्पत्ति कहाँबाट भयो, कुन भौतिक प्रक्रियाबाट विपद् सुरु भयो र ती प्रक्रिया कसरी भोटेकोशी-ल्हेन्दे नदी प्रणाली हुँदै तल्लो क्षेत्रमा फैलियो भन्ने विषयमा पर्याप्त रूपमा प्रमाणीकरण भएको वैज्ञानिक प्रमाण भेटिएको छैन।

त्यसैले जलवायु परिवर्तनलाई घटनाको कारणका रूपमा निष्कर्ष निकाल्नुअघि सम्पूर्ण घटनाक्रमको वैज्ञानिक पुनर्निर्माण आवश्यक रहेको निष्कर्ष जल तथा ऊर्जा आयोगको छ।

मन्त्रालयकाअनुसार तीन चरणमा अध्ययन हुनेछ। पहिलो चरणमा उच्च हिमाली क्षेत्रदेखि भोटेकोशी/ल्हेन्दे नदी प्रणाली र तटीय क्षेत्रसम्मको घटनाको समयक्रम तथा भौगोलिक क्षतिको अध्ययन गरिनेछ। यस क्रममा हिमनदी, चट्टानी तथा माटोको ढलान अस्थिरता, पहिरो, लेदो, नदीको बहाव र बाढीबीचको अन्तरसम्बन्ध अध्ययन गरिनेछ।

दोस्रो चरणमा घटनाका तत्कालीन तथा अन्तर्निहित भौतिक कारण पहिचान गरिनेछ। तेस्रो तथा महत्वपूर्ण चरणमा मानवजनित जलवायु परिवर्तनले यी जोखिमहरूको सम्भावना, तीव्रता वा पूर्वतयारी अवस्थामा कति प्रभाव पारेको थियो भन्ने वैज्ञानिक रूपमा मूल्याङ्कन गरिनेछ।

यसअघि सन् २०२४ सेप्टेम्बर २६-२८ मा नेपालमा भएको अत्यधिक वर्षा, बाढी तथा पहिरोको घटनालाई अन्तर्राष्ट्रिय वैज्ञानिक अध्ययन समूह ' वर्ल्ड वेदर एट्रिब्युसन'को अध्ययनले मानवजनित जलवायु परिवर्तनसँग सम्बन्धित प्रभावका रूपमा मूल्याङ्कन गरेको थियो। रसुवा-भोटेकोशीको घटना भने त्योभन्दा फरक प्रकृतिको हुन सक्ने भएकाले प्रत्यक्ष तुलना वा पूर्वनिर्धारित निष्कर्षभन्दा वैज्ञानिक प्रमाणका आधारमा अध्ययन गर्नुपर्ने निष्कर्षमा ऊर्जा मन्त्रालय पुगेको हो। प्रस्तावित अध्ययनमा हिमनदी तथा हिममण्डल विज्ञान, भूगर्भशास्त्र, भूरूपविज्ञान तथा पहिरो विज्ञान, जलविज्ञान तथा नदी जलयान्त्रिकी, मौसम विज्ञान तथा जलवायु विज्ञान, रिमोट सेन्सिन, विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन कारक विश्लेषणलगायतका विषयका विशेषज्ञहरूलाई सहभागी गराउने तयारी छ। भोटेकोशी/ल्हेन्दे नदी प्रणालीको सीमापार प्रकृतिलाई ध्यानमा राख्दै चीनतर्फ उपलब्ध वैज्ञानिक तथा जलवैज्ञानिक सूचनासमेत अध्ययनमा समेट्ने र आवश्यक वैज्ञानिक सहकार्य तथा तथ्यांक आदानप्रदान संयन्त्र विकास गर्ने प्रस्ताव गरिएको छ।

मन्त्रालयकाअनुसार प्रस्तावित उच्चस्तरीय वैज्ञानिक समितिले विपद्को सम्भावित उद्गमस्थलको स्थलगत भ्रमण गर्नेछ। स्थल निरीक्षणका क्रममा विस्तृत तस्वीर तथा भिडियो अभिलेख तयार गर्नुका साथै आवश्यकताअनुसार ड्रोन तथा सेटलाइट अवलोकन समेत प्रयोग गरिनेछ। मन्त्रालयले विज्ञ समितिलाई अध्ययनका लागि दुई महिनाको समय दिने कार्यादेश बनाएको छ।

# १२ दिनपछि कृष्णभीरमा एकतर्फी यातायात सञ्चालन



❑ कांक्रेविहार संवाददाता

काठमाडौं, २८ भदौ

पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभीरमा १२ दिनपछि ट्रायलका रूपमा एकतर्फी यातायात सञ्चालन गरिएको छ। सडक निर्माणको कामलाई तीव्रता दिएर सबग्रेड तहसम्म तयार पारिएपछि ग्यास बुलेट र रोकिएर बसेका हेभी सवारीसाधनलाई परीक्षणका रूपमा कृष्णभीरबाट पार गराइएको हो।

निर्माणको जिम्मा पाएको सगुन कन्स्ट्रक्सनका सञ्चालक तथा नेपाल निर्माण व्यवसायी महासङ्घका उपाध्यक्ष सहदेव खड्काका अनुसार करिब १२ दिनको निरन्तर प्रयासपछि कृष्णभीरमा ट्रायलका रूपमा यातायात सञ्चालन गर्न सम्भव भएको हो। काठमाडौँबाट मुग्लिङतर्फ पहिलो ग्यास बुलेट पठाइसकिएको र त्यसपछि रोकिएर बसेका हेभी इक्युपमेन्ट तथा अन्य सवारी साधन समेत क्रमशः पार गराइएको उनले जानकारी दिए।

सडक खुलाउन एक्स्काभेटर, बुलडोजर, लोडरलगायतका हेभी इक्युपमेन्ट प्रयोग गरिएको थियो। सडक विभाग, सुरक्षा निकाय, स्थानीय तह, प्राविधिक टोली तथा निर्माण व्यवसायीको समन्वयमा काम अघि बढाइएको खड्काले बताए।

उनका अनुसार अहिले फिल्डमा करिब २२ देखि २५ वटा हेभी इक्युपमेन्ट, ट्रक तथा टिपरसहितका साधन परिचालन भएका छन्। सडक विभाग, कन्सल्टेन्ट र निर्माण कम्पनीका ३० जनाभन्दा बढी प्राविधिकसमेत फिल्डमा खटिएका छन्। तर कृष्णभीरको सडक अहिले पूर्ण रूपमा सञ्चालनमा आएको भने होइन। ट्रायलपछि पुनः सडक बन्द गरेर बाँकी निर्माणको काम अघि बढाइने छ। सडकको ड्रेन, सब-सर्फेस ड्रेन, ग्राभेलिङ तथा सबग्रेड र सबबेसको काम पूरा गर्नुपर्ने भएकाले तत्कालका लागि नियमित यातायात सञ्चालन नगरिने जनाइएको छ।

नागढुङ्गा-मुग्लिङ सडक योजना पश्चिम खण्डकी योजना प्रमुख सजना अधिकारीले पनि अहिलेको आवागमनलाई नियमित यातायात सञ्चालन नभई परीक्षणका रूपमा गरिएको बताइन्। सडक सबग्रेडको तहसम्म तयार भएपछि ग्यास बुलेट पार गर्न सक्ने अवस्था छ कि छैन भनेर परीक्षण गरिएको र त्यसमा ग्यास बुलेट सफलतापूर्वक पार भएको उनले जानकारी दिइन्। करिब १५ दिनदेखि रोकिएर बसेका ट्रक, टिपरलगायतका सवारी साधनलाई समेत यही अवसरमा पार गराइएको अधिकारीले बताइन्। त्यसपछि सडक पुनः बन्द गरेर निर्माणको बाँकी काम अघि बढाइनेछ।

कृष्णभीरमा अहिले ड्रेन निर्माण, ग्राभेलिङ र केही भागमा कटिङको काम बाँकी रहेको अधिकारीले जानकारी दिइन्। बाँकी काम दुईदेखि तीन दिनभित्र सक्ने लक्ष्य रहेको उनले बताइन्। निर्माण कम्पनीका खड्काले भने बाँकी काम सम्पन्न गरेपछि असोज १ गतेदेखि कृष्णभीरमा नियमित रूपमा यातायात सञ्चालन गर्ने लक्ष्य रहेको बताए। मौसमले साथ दिएमा सडकको सबग्रेड, सबबेस र ड्रेनलगायतका काम पूरा गरेर नियमित आवागमन सञ्चालन गर्ने तयारी छ।

यसअघि कृष्णभीरमा सडक अवरुद्ध हुँदा पृथ्वी राजमार्गमा लामो दूरीका सवारीसाधन तथा ग्यास बुलेट र निर्माण सामग्री बोकेका हेभी सवारीसाधन रोकिएका थिए। ट्रायलका रूपमा एकतर्फी यातायात सञ्चालन भएसँगै रोकिएका सवारीसाधनलाई क्रमशः गन्तव्यतर्फ पठाउन सहज हुने अपेक्षा गरिएको छ।

# कांग्रेसले १५औं महाधिवेशनलाई महाउत्सवका रूपमा मनाउने



❑ कांक्रेविहार संवाददाता

काठमाडौं, २८ भदौ

नेपाली कांग्रेसले आगामी असोज १६ गतेदेखि १९ गतेसम्म काठमाडौँमा हुने १५औं महाधिवेशनलाई महाउत्सवका रूपमा मनाउने निर्णय गरेको छ।

कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको आइतबार बसेको बैठकले १५औं महाधिवेशनलाई महाउत्सवका रूपमा मनाउने निर्णय गरिएको प्रवक्ता देवराज चालिसेले जानकारी दिए। खुला र बन्द सत्र सबै काठमाडौंको खुलामञ्चमै सञ्चालन हुने उनले बताए।

यस्तै बैठकले १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यलाई सोही हैसियत दिइने निर्णय समेत गरेको छ।

प्रवक्ता चालिसेका अनुसार अब विशेष महाधिवेशनपछि केन्द्रीय कार्यसमिति बाहिर रहेका १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यहरूले केन्द्रीय सदस्यको हैसियत पाउने छन्।

वडा अधिवेशन असोज ४ गतेभित्र सम्पन्न गरिने उनले बताए। सम्पूर्ण पार्टी पङ्क्तिलाई सहभागीताका लागि आह्वान गरिएको उल्लेख गर्दै पार्टी एकताका लागि संवाद,सहकार्य गरिएको प्रवक्ता चालिसेले बताए।

# नास्टलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउने मन्त्री पुनको योजना



❑ कांक्रेविहार संवाददाता

काठमाडौं, २८ भदौ

विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) लाई राजनीतिक हस्तक्षेपमुक्तबाट मुक्त गर्नुपर्ने बताएका छन्।

आइतबार सिंहदरबारमा 'नेपाल विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को संशोधन तथा एकीकरण विधेयक मस्यौदा तर्जुमा सम्बन्धमा विषयगत विज्ञ तथा सरोकारवाला संस्थाहरूसँगको छलफलमा मन्त्री पुनले राजनीतिक हस्तक्षेप मुक्त गरी वित्तीय स्वायत्तता प्रदान गर्न ऐन प्रतिस्थापनको गृहकार्य भइरहेको जानकारी गराए ।

उनले प्रतिष्ठानहरूमा हुने राजनीतिक हस्तक्षेपले संस्थागत विकास प्रभावित भएको भन्दै अब राजनीतिक हस्तक्षेप नहुने गरी संरचना निर्माण गर्ने बताए।

'२०४८ सालसम्म नेपालमा इनोभेसन शब्द प्रचलनमा नै नआएको कारण कसैले आवश्यकता पनि महसुस नगरेको कारण नेपालले आजको दिनसम्म विज्ञान र नवप्रवर्तनको हिसाबले पछाडि परेको बताएका छन्।

त्यसै कारण नेपाल विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को संशोधन आवश्यक रहेको तथा एकीकरण (प्रतिस्थापन) विधेयक तर्जुमा गर्न थालिएको भन्दै सुरुमा यसको नाम नै परिवर्तन गर्नुपर्छ,' बताए।

उनले मुलुकमा विज्ञान तथा नवप्रवर्तनको सुधार तथा विकासका लागि नास्टको संरचनामा व्यापक सुधारको आवश्यकता रहेको पनि बताए।

सोही आवश्यकताको आधारमा २०४८ सालमा बनेको ऐन प्रतिस्थापन गरिरहेको र प्रस्तावित विधेयकमा नास्टको कुलपतिका रूपमा प्रधानमन्त्री रहने हालको व्यवस्था समेत हटाउन लागिएको मन्त्री पुनले बताए।

कार्यक्रममा ऐन संशोधन तथा एकीकरण विधेयक मस्यौदा तर्जुमा सम्बन्धमा विषयगत विज्ञ तथा सरोकारवालाले आ आफ्नो धारणा राखेका थिए।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# जोखिमपूर्ण हिमताल फुटाउने गृहकार्य भइरहेको छ : ऊर्जामन्त्री श्रेष्ठ



❑ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २८ भदौ

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठले जोखिमपूर्ण हिमताल फुटाउन सरकारले आवश्यक तयारी गरिरहेको बताएका छन्  आइतबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले विपद् जोखिम न्यूनीकरणका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले अति उच्च जोखिममा रहेका हिमतालको जलस्तर घटाउन गृहकार्य गरिरहेको जानकारी दिए। जोखिममा रहेका हिमतालहरू ब्लास्टिङ गरेर जलसतह पास गर्नेगरी छलफल अघि बढेको हो। जोखिमपूर्ण हिमतालको पानी वैज्ञानिक हिसाबले पास गरेर जोखिममुक्त गर्नैपर्ने मन्त्री श्रेष्ठको भनाइ छ।

उनले भने, 'विपद् जोखिमको पूर्वतयारीमा हामी गम्भीर छौँ। तयारी सकिएपछि निर्णय लिनेछौँ।' कुन कुन ताल फुटाउने भनेर टुंगो नलागिसकेको उनले बताए।

'विज्ञहरूसँग परामर्श लिँदैछौं। छलफलमा धेरै तालहरूको नाम विज्ञहरूबाट आएको छ। अध्ययन गरिरहेका छौं। जोखिमको मात्रा हेरेर पानीको सतह घटाउने निर्णय लिन्छौं,' उनले भने।

मन्त्री श्रेष्ठकाअनुसार ग्रिन क्लाइमेट फण्ड (जीसीएस) बाट प्राप्त सहयोग परिचालन गरेर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र स्थानीय तहसँग मिलेर जोखिमपूर्ण हिमतालको पानीको सतह घटाउने कार्य यही वर्ष अगाडि बढाइनेछ।

इसिमोड र युएनडिपीको संयुक्त अध्ययनअनुसार नेपालमा २१ वटा हिमताल जोखिमयुक्त छन्। कोशी र गण्डकी क्षेत्रमा चार वटा अति उच्च जोखिमयुक्त हिमताल छन्।

## हालसम्म...

गरिएको छ।

बाढी प्रभावित क्षेत्रमा उद्दार, खोजी, राहत वितरण, शव व्यवस्थापन लगायतका कार्यका लागि हालसम्म ७ हजार ९ सय ७५ जना प्रहरी कर्मचारीहरू परिचालन गरिएको छ। हालसम्म बेपत्ता भएका ४ हजार ८९ जनाको खोजी कार्य भइरहेको छ। यसैगरी विभिन्न जिल्लाहरूमा रहेको होल्डिङ सेन्टरमा २ हजार ७ सय १२ जना व्यक्तिहरूलाई राखिएको छ।

## भेरी...

निर्माणमा भएको ढिलाइले भेरी करिडोरको सडक यातायातलाई समेत प्रत्यक्ष असर पारेको छ। सडकको ट्र्याक खुले पनि नदी तथा खोलामा पुल नहुँदा वर्षायाममा आवागमन प्रभावित हुने गरेको छ। कतिपय स्थानमा सवारीसाधनलाई जोखिमपूर्ण रूपमा खोला तथा नदी पार गर्नुपर्ने अवस्था सिर्जना हुन्छ। पुल निर्माण सम्पन्न भए करिडोरमा यातायात थप सहज, सुरक्षित र नियमित हुने अपेक्षा गरिएको छ।

# ट्रम्प आएपछि अमेरिकाबाट कति नेपाली डिपोर्ट भए ?

❑ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २८ भदौ

अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भएसँगै त्यहाँको प्रशासनले आप्रवासीहरूप्रति कडा नीति अख्तियार गरेको छ।

त्यसपछि त्यहाँको कानुन उल्लङ्घन गर्नेहरू धमाधम डिपोर्ट भइरहेका छन् । २०२५ जनवरी भन्दा पछि अमेरिकामा बस्ने नेपालीहरू पनि ठुलो सङ्ख्यामा डिपोर्ट भइरहेका छन्।

प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोको तथ्याङ्क अनुसार ट्रम्पको दोस्रो कार्यकाल सुरु भएसँगै अहिलेसम्म ७६० जना अमेरिकाबाट निष्कासन (डिपोर्ट) भएका छन्।

ब्यूरोका प्रवक्ता (एसपी) राजन लिम्बुका अनुसार २०२५ जनवरी २० भन्दापछि ७६० जना डिपोर्ट भएका हुन्। डिपोर्ट हुनेमा ३७ जना महिला छन् । डिपोर्ट भएर आएका मध्ये थोरै पीडितहरूले मात्र अमेरिका पठाउने गिरोहविरुद्ध प्रहरीको मानव बेचबिखन ब्यूरोमा जाहेरी दिएका छन्। अहिलेसम्म अमेरिका पठाउने गिरोह विरुद्ध ९ वटा जाहेरी दर्ता भएर अनुसन्धान अघि बढेको एसपी लिम्बुले बताए।



*अमेरिकाबाट डिपोर्ट हुनेहरुको विवरण :*

| आ.ब | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| २०७५-०७६ | ० | ४५ | ४५ |
| २०७६-०७७ | २ | ८१ | ८३ |
| २०७७-०७८ | २ | २८ | ३० |
| २०७८-०७९ | ० | १३ | १३ |
| २०७९-०८० | ० | ७ | ७ |
| २०८०-०८१ | ० | २१ | २१ |
| २०८१-०८२ | १९ | १८८ | २०७ |
| २०८२-०८३ | १९ | ५५७ | ५७६ |
| २०८३ साउनपछि | ० | ४ | ४ |
| जम्मा | ४२ | ९४४ | ९८६ |
| २० जनवरी २०२५ पछि | ३७ | ७२३ | ७६० |

*स्रोत : मानव बेचबिखन ब्यूरो*

पछिल्लो ८ आर्थिक वर्षमा कुल ९८६ जना अमेरिकाबाट डिपोर्ट भएका थिए। त्यसमा सबैभन्दा ठुलो सङ्ख्या ट्रम्पको कार्यकालमा देखिन्छ।

२०८२ पुसमा अमेरिकामा पिआर पाएर ३० वर्षदेखि बस्दै आएका एक जना नेपालीको पिआर नवीकरण भएन । अमेरिकन सरकारले उनलाई निष्कासन गरेर नेपाल पठाएको थियो।

उनीसँगै एक लटमा ७५ जना नेपाली डिपोर्ट भएर आएको ब्यूरोको तथ्याङ्कमा देखिएको छ। अमेरिकाले नेपालीहरूलाई चार्टर्ड विमान प्रयोग गरेर फर्काउँदै आएको छ।

डिपोर्ट हुनेमा भिजिट भिसामा गएर लुकेका र अवैध तवरले तल्लो बाटो हुँदै अमेरिका छिरेका धेरै भेटिएका छन्। प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरो स्थापना भएपछि हालसम्म ९८६ जना अमेरिकाबाट फर्काइएका छन्। अमेरिकाको एरिजोना र हवाईबाट २०८२ असारमा एकैदिन ओम्नि एयर इन्टरनेशनलको चार्टर विमान मार्फत ३७ जना नेपाल फिर्ता भएका थिए । ट्रम्प प्रशासन सुरु भएपछि डिपोर्ट हुने क्रम रोकिएको छैन । चार्टर्ड विमान भन्दा बाहेक अमेरिकाबाट नियमित उडानमा पनि डिपोर्ट भएका नेपालीहरू आउने गरेका छन्।




## ब्लूबुक हराएको सूचना

मिति २०८३ भदौ १६ गते नेपालगञ्जदेखि सुर्खेततर्फ आउँदै गर्दा मेरो निम्न व्यहोरा भएको ब्लूबुक हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको ट्राफिक प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरीदिनहुन अनुरोध छ।

**तपसिल:**

**नाम:** सुरेन्द्र सिजापती
**मो.नं.:** ९८६६६१३७८८
**गाडि नं.:** कर्णाली प्रदेश ००१ प १६६३
**ठेगाना:** वीरेन्द्रनगर, सुर्खेत







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)